गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

२६ असार २०८१ | बुलेटिन संख्या #१४७८

# मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ३६

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ९७ | ४ | ० | १६ | ७९,६५,२०० | २० | ३ |

## घटना सारांशः

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | पाँचथर | हिलिहाङ गा.पा.- १ स्थित निर्माणाधिन काबेली हाईड्रोपावर A को सुरूङभित्र काम गर्ने क्रममा अचानक सुरुङको माथिल्लो भागबाट ढुङ्गाको ढिस्को खसि ५ जना मजदुरहरु घाईते । | ० | ० | ५ | घाईतेहरुको जिल्ला अस्पतालमा उपचार भईरहेको । |
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.- ८ सिंगाने स्थित धापबाट टाप्टिङ जाने भित्री कच्चीसडक खण्डको माथिबाट डिल भत्किएर पहिरो गई सडक मुनी रहेको एक घर जोखिममा । | ० | ० | ० | प्रचौ केरुङको टोली खटि २ जनाको परिवारलाई ऐ. छिमेकीकोमा सारिएको । |
| | सोलुखुम्बु | सोलुदुधकुण्ड न.पा.- ५ स्थित थापा टोल देखि तामाखानी जाने भित्री सडक खण्डमा बाटो माथिबाट पहिरो झरी बाटो बाटो मुनि रहेका ५ वटा घर जोखिममा । | ० | ० | ० | अ.प्र.पोष्ट दोर्पुको टोली खटि गएको । |
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.- ८ बाखोर स्थित सिद्धिचरण लोकमार्गमा बाटो मुनिबाट पहिरो गई महभिर गाउँमा रहेका ६ वटा घर जोखिममा । | ० | ० | ० | प्रचौ पत्तालेको टोली खटि गएको । |
| | तेह्रथुम | छथर गा.पा.- २ शुक्रबारे स्थित एक घर पछाडी रहेको पुरानो शौचालय नजिक पहिरो गई तल रहेको एक घरको भित्ता भत्किई २ लाख रुपैंया बराबरको क्षति। | ० | ० | ० | - |
| | भोजपुर | आमचोक गा.पा.- ९ दुम्माना स्थित एक घरको आँगनमा वर्षाका कारण पहिरो आई थुप्रिई घर जोखिममा, प्रभावितहरु छिमेकीको घरमा गई बसेको । | ० | ० | ० | अप्रचौ दुम्मानाको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भोजपुर | हतुवागढी गा.पा.- ८ मालबासे बस्ने वर्ष ८ का एक बालक घरबाट विद्यालय जाने क्रममा बाटोको माथिबाट माटोको ढिस्को खसि ढुङ्गाले लागि घाईते । | ० | ० | १ | घाईतेको गड कविर मेडिकल घोडेटारमा उपचार भईरहेको । |
| | भोजपुर | टेम्केमैयुङ गापा- ४ हुगे स्थित एक घरको सुरबाट पहिरो गई घर जोखिममा | ० | ० | ० | इप्रका दिल्पाको टोली खटिई गएको । |
| | भोजपुर | आमचोक गा.पा.- ९ मालबासे स्थित दुम्माना रानिटार भित्री कच्ची सडक खण्डमा बाटो देखी माथिबाट पहिरो खसि बाटो अवरोध । | ० | ० | ० | अ.प्र.चौ. दुम्मानाको टोली खटिई गएको । |
| | भोजपुर | हतुवागढी गा.पा.- ९ चुहार स्थित पार्किङ गरि राखिएको प्र १-०२-००१ ज ३९५७ नम्बरको बुलेरो गाडी बर्षाका कारण पहिरोले लगी अगाडीको भाग कुच्चीई ५० हजार रुपैंया बरावरको क्षति | ० | ० | ० | प्रचौ हसनपुरको टोली खटिई गएको । |
| | भोजपुर | आमचोक गा.पा.- ९ बोक्सेटार स्थित २ वटा घर माथिबाट माटोको लेदो सहितको पहिरो खसि घर जोखिममा, १९ जनाको परिवार आफन्तको घर गई बसेका । | ० | ० | ० | अप्रचौ दुम्मानाको टोली खटि गएको । |
| | भोजपुर | रामप्रसादराई गा.पा.- ६ स्थित बैकुण्ठेबाट नेवारगाँउ जाने भित्री सडख खण्डमा ठूलो ढुङ्गा झरी बाटो अवरोध । | ० | ० | ० | प्र.चौ. बैकुण्ठेको टोली खटी स्थानीय तहसँग समन्वय गरी बाटो खुलाउने पहल भईरहेको |
| | भोजपुर | हतुवागढी गा.पा.- ९ साफिङ्टार स्थित घोडेटार-चुहार कच्ची सडक खण्डमा अविरल वर्षाको पानीले बाटो कटान गरी बाटो दबिई बाटो अवरोध । | ० | ० | ० | प्र.चौ. हसनपुरको टोली खटी गएको । |
| | भोजपुर | टेम्केमैयुङ गा.पा.- ३ मेस्पाङ स्थित मध्य पाहाडी लोकमार्गमा सडकको बीच भागमा चिरा परी भासिई जोखिममा । | ० | ० | ० | ईप्रका दिल्पाको टोली खटी गएको । |
| | ईलाम | माङसेबुङ गा.पा- ३ बाघमारा स्थित दमक झापा फाल्गुनन्द राजमार्जमा अबिरल बर्षाका कारण माथिबाट ढुङगा माटो सहितको पहिरो झरि बाटो अवरोध | ० | ० | ० | प्र.चौ.बाझोको टोली खटि बाटो खुलाउने पहल भईरहेको । |
| | ईलाम | सुर्योदय न.पा.- ११ शान्तिगोलाई स्थित मेची राजमार्गमा बाटो माथिबाट रुख सहितको पहिरो झरी बाटो अवरोध । | ० | ० | ० | प्र.चौ.तिनघरे, प्र.चौ. आईतबारे र सशस्त्र प्रहरी बेस क्याम्प आईतबारेको टोली खटिई गएको । |
| | ईलाम | माई न.पा.- ९ सोमबारे स्थित बिर्तामोड इलाम भित्री सडक खण्डमा वर्षादको कारण विभिन्न स्थानहरुमा रुखसंगै पहिरो झरी बाटो अबरोध । | ० | ० | ० | प्र.चौ. चिसापानीको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धनकुटा | साँगुरीगढी गापा- ५ पहिरे स्थित निर्माणधिन रवि राके भेडेटार भित्री सडक खण्डमा लगातार परेको वर्षातको कारण माथिबाट ढुङ्गा सहितको पहिरो झरी बाटो अवरोध । | ० | ० | ० | प्रचौ डाडाबजारको टोली खटि सडक खुलाउने पहल भईरहेको । |
| | धनकुटा | साँगुरीगढी गापा- १ भगुवा स्थित तमोर करिडोर सडक खण्डमा माथिबाट माटोको ढिस्को झरी सडक दुवै तर्फी अबरोध । | ० | ० | ० | प्रचौ मुलघाटको टोली खटि खुलाउने पहल भईरहेको । |
| | धनकुटा | धनकुटा नपा- ९ गुठिटार स्थित २ वटा घर र श्री थानि आधारभूत विद्यालयको छेउबाट पहिरो जाँदा घर र विद्यालय जोखिममा । | ० | ० | ० | अप्रपो बेलहाराको टोली खटिई गएको । |
| | सुनसरी | धरान उमनपा- २० भङ्याङ स्थित अविरल वर्षाको कारण पहिरो गई एक घर पूर्णरूपमा भत्किई ४ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अप्रपोष्ट विष्णुपादुकाको टोली खटि घर परिवारको उद्धार गरी सबै सामान निकाली ऐ. स्थित मटानमा सारेको । |
| | सुनसरी | बराहक्षेत्र न.पा.- १ गुप्त बराहा, धनसारे खोला, सत्र नम्बर स्थित चतरा-बराहक्षेत्र भित्री सडक खण्डमा वर्षादको कारण सडक माथिबाट पहिरो झरी बाटो अवरोध | ० | ० | ० | प्रचौ बराहक्षेत्रको टोली खटिई सडक खुलाउने तर्फ आवश्यक पहल भइरहेको । |
| | उदयपुर | त्रियुगा न.पा.- १५ तोरीबारी स्थित अबिरल बर्षाको कारण एक घर माथिबाट आएको पहिरोले पुरिदा वर्ष ८ की एक बालिकाको मृत्यु, वर्ष ३० एक एक महिला घाईते । | १ | ० | १ | घाईतेलाई प्रचौ साउनेको सहयोगमा उद्दार गरी स्वास्थ्य चौकी रानीबासमा ल्याई उपचार भईरहेको । |
| | उदयपुर | अबिरल बर्षासंगै आएको पहिरोले बेलका नपा.- ६ घारे फुल चोक स्थित एक घर र पसल माथिबाट पहिरो आई पुरिई वर्ष ३५ की एक महिला र उनकी १४ वर्षकी छोरी घाईते, सम्पूर्ण लत्ताकपडा, भाडावर्तन, अन्नपात र किराना पसलका सरसामानहरु पूर्णरुपमा पुरिई क्षति । | ० | ० | २ | घाईतेलाई थप उपचारको लागि रामपुर लगिएको । |
| | उदयपुर | त्रियुगा न.पा.- १५ तोरीबारी स्थित अबिरल बर्षाको कारण माथिबाट झरेको पहिरोको कारण गाइघाट दिक्तेल सडकखण्ड अबरोध । | ० | ० | ० | प्र.चौ. साउनेको टोलि JCB, स्थानीय समेतको सहयोगमा उक्त पहिरो पन्छाउने कार्य भइरहेको |
| | उदयपुर | कटारी नपा.-१२ बसेरी बिसौना स्थित एक घर माथि रहेको बसेरी- कटारी कच्ची सडकमा सडक माथिवाट पहिरो आई घर जोखिममा । | ० | ० | ० | प्र.चौ. बसेरीले १० जनाको परिवारलाई छिमेकीको घरमा स्थानान्तरण गरेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उदयपुर | चौदण्डीगढी नपा- ६ समाबेसी टोल स्थित एक घरमा माथि डाँडाबाट पहिरो आई घरको पालि भत्काई माटो पसि क्षति । | ० | ० | ० | ईप्रका बेल्टारको टोली खटी गएको । |
| | धादिङ्ग | रुबिभ्याली गा.पा.- ४ रापा गोब्रे स्थित पहिरो आई ५ वटा घर र १ वटा कुखुरा फर्ममा हिलो माटो सहितको लेदो पसेको र अन्य २२ वटा घर पहिरोको जोखिममा | ० | ० | ० | प्रभावित परिवारहरुलाई सुरक्षित स्थान तर्फ स्थान्तरण गरेको । |
| | नुवाकोट | ककनी गा.पा.- २ खानी खोला स्थित पासाङ ल्हामु राजमार्गमा माथिबाट सुख्खा पहिरो आई बाटो अवरोध । | ० | ० | ० | प्र.चौ.रानीपौवाको टोली खटी बाटो खुलाउने पहल भईरहेको । |
| | दोलखा | भिमेश्वर न.पा- ३ बिचबजार स्थित कृषि बजारबाट कालिन्चोक मा.वि. जाने भित्री सडक खण्डमा अविरल बर्षाको कारण पहिरो आई ३ वटा पक्की घर र नेपाल सरकारको स्वमित्वमा रहेको गौरीशंकर बहुमुखी क्यामपसको भवन र पुस्तकालय जोखिममा । | ० | ० | ० | प्र.चौ.सातदोबाटो र जि.प्र.का.को टोली खटि मानिसहरुलाई सुरक्षित स्थानमा सर्ने भनि जानकारी गराएको र उद्धार कार्य भईरहेको । |
| | सिन्धुपाल्चोक | मेलम्ची न.पा.- ३ खाल्डे स्थित भोटेचौर मेलम्ची सडक खण्डमा माथिबाट लेदो सहित ढुङ्गा माटो आई बाटो अबरोध । | ० | ० | ० | अबरोध खुलाउन स्थानीय तहसँग समन्वय भईरहेको । |
| | काभ्रेपलाञ्चोक | धुलिखेल न.पा- ८ पकुचा स्थित अरनिको राजमार्गमा खावाबाट धुलीखेल आउदै गरेको ना ८ ख ८०८४ नं.को गाडी बीच सडकमा हिलोको कारण फसी बाटो दुबै तर्फि बन्द । | ० | ० | ० | - |
| | कास्की | पोखरा म.न.पा.- २७ सहेलापाटा स्थित एक घर माथिबाट पहिरो खसी कोठा पुरिन जादा वर्ष ५० की एक महिला र उनका २२ वर्षिय छोरा पुरिएकोमा महिलाको सकुशल उद्धार गरिएको, छोरा बेपत्ता रहेकोमा खो.त. गर्ने क्रममा मृत फेला । | १ | ० | ० | प्रहरी र स्थानीयद्वारा उद्रधार गरिएको । |
| | कास्की | पोखरा म.न.पा.- २५ मेलबोट स्थित हेम्जाबाट धम्पुस जाने भित्री सडक खण्डमा पहिरो गई बाटो पूर्णरुपमा अबरुद्द । | ० | ० | ० | अ.प्र.पोष्ट हेम्जाको टोली, वडा र स्थानीयको पहलमा JCB द्वारा खुलाउने प्रयास भईरहेको |
| | कास्की | अन्नपूर्ण गा.पा.- ५ सितलगुफा स्थित सडक माथिबाट ढुङ्गा माटो लेदो सहितको पहिरो खस्न जादा पोखरा बाग्लुङ्ग सडक खण्ड पूर्णरुपमा अवरोध । | ० | ० | ० | प्र.चौ. नयाँपुलको टोली खटिई सम्बन्धित निकायसँग समन्वय गरी सडक खुलाउने पहल भईरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तनहुँ | बन्दीपुर गा.पा- ५ याम्पा स्थित पृथ्वी राजमार्गमा सुक्खा पहिरो खसि बाटो दुईतर्फी अबरुद्ध । | ० | ० | ० | प्र.चौ डुम्रेको टोली खटि गई बाटो खुलाउन पहल भईरहेको । |
| | तनहुँ | म्याग्दे गा.पा.- ६ मौरी बजार भिर स्थित पृथ्वी राजमार्गमा बर्षाको कारण माथिबाट लेदो सहितको माटो आई सडक दुई तर्फी अवरुद्ध । | ० | ० | ० | इ.प्र.का.बेलचौताराको टोली खटी बाटो खुलाउने पहल भईरहेको । |
| | लमजुङ्ग | अबिरल बर्षाको कारण डुम्रे बेसीशहर सडक खण्ड अन्तरगत पर्ने बेसीशहर न.पा.- १ दलाल , ऐ अधेरीगैरा स्थित बाटो माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अबरुद्ध । | ० | ० | ० | बाटो खुलाउने तर्फ आवश्यक पहल भईरहेको । |
| | म्याग्दी | बेनी न.पा.- ४ घुमाउने भिर स्थित बेनी दरवाङ सडक खण्डमा माथिबाट लेदो सहितको पहिरो खसी सडक पूर्णरुपमा अवरुद्ध । | ० | ० | ० | प्र.चौ. सिंगातातोपानीको टोली खटिई गएको । |
| | रोल्पा | थवाङ गापा.- २ छोर्लावाङ स्थित रुकुम घोराही शहिद राजमार्गमा माथिबाट लेदो सहितको पहिरो आई बाटो अबरोध । | ० | ० | ० | बाटो खुलाउने पहल भईरहेको । |
| | प्युठान | माण्डवी गा.पा.- १ त्रिवेणी स्थित माथिबाट सुख्खा पहिरो आई भालुबाङ प्युठान मुख्य सडक खण्ड अबरुद्ध । | ० | ० | ० | प्र.चौ. देबिस्थानको टोली खटि बाटो खुलाउन पहल गरेको । |
| | प्युठान | माण्डबी गा.पा.- १ गर्जेनी स्थित माथिबाट सुख्खा पहिरो आई भालुबाङ दाङ प्युठान मुख्य सडक खण्ड अबरुद्ध । | ० | ० | ० | प्र.चौ. देबिस्थानको टोली खटि खुलाउनको लागि समन्वय भईरहेको । |
| | अर्घाखाँची | शितगंगा न.पा.- २ लाहुरेबजार नजिक गोरुसिङगे सन्धिखर्क सडकखण्डमा माथिबाट सुख्खा पहिरो झरी बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | प्र.चौ.नरपानीको टोली JCB सहित गएको । |
| | अर्घाखाँची | भुमिकास्थान न.पा.- ४ साना अगुल स्थित एक घर मुनिबाट सुख्खा पहिरो गई आँगनमा लगाएको पक्की पर्खाल भत्किई घर जोखिममा । | ० | ० | ० | प्र.चौ.धारापानीको टोली खटि गएको । |
| | दाङ्ग | बंगलाचुली गा.पा.- ५ घोराही-प्युठान सडक खण्ड अन्तर्गत मुर्कुट्टी स्थित अविरल बर्षातका कारण बाटो भन्दा माथिबाट पहिरो आई बाटो अबरुद्ध । | ० | ० | ० | इ.प्र.का. कमिरेचौरको टोली खटि JCB द्धारा बाटो सुचारू गर्ने कार्य भईरहेको । |
| | पाल्पा | तिनाउ गा.पा.- ३ पानी मिल स्थित सिद्धार्थ राजमार्गमा सडक माथिबाट पहिरो झरी बाटो पूर्णरुपमा अवरोध । | ० | ० | ० | बाटो खुलाउनको लागि सडक डिभिजनसँग समन्वय भईरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सल्यान | कालिमाटी गा.पा.- ४ टटेली स्थित सुर्खेत कालिमाटी दाङ जोड्ने सडक खण्डमा बर्षातको कारण पहिरो आई बाटो अबरोध | ० | ० | ० | - |
| | कालिकोट | पचालझरना गा.पा.- ८ लाफा बजार नजिकै कर्णाली करिडोर सडकखण्डमा मथिबाट लेदो सहितको पहिरो आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | - |
| **बाढी** | झापा | गौरीगंज गापा र झापा गाँउपालिका वडा न. १ सिमानाको टपु स्थित माईखोलाको पानीको बहाव बढी कटान गरी वडा नं २ सुगाबथान बस्तीमा पानी पसी ५१ घर परिवार डुबानमा । | ० | ० | ० | ईप्रका कुमारखोदको टोली BOP टाघनडुब्बाको टोली खटि गएको । |
| | मोरङ्ग | बेलबारी नपा- २ स्थित लोहन्द्रा खोलामा बाढी आइ लालभित्ती चोकबाट लोहन्द्रा खोला घाट तर्फ जाने कच्चि सडक कटान गरी क्षति । | ० | ० | ० | - |
| | मोरङ्ग | अबिरल बर्षासंगै आएको बाढीले सुन्दरहरैचा नपा- ५ फुलबारी टोल बस्तीमा हसिना सिमसार तेलिया खोलाको नहरबाट ओभरफ्लो भई बस्तीमा पानी पसि ५ वटा घर आँगन र एउटा कुखुरा फर्म डुबानमा । | ० | ० | ० | प्रचौ गछियाको टोली खटि गएको । |
| | उदयपुर | अबिरल बर्षाको कारण इप्रका कटारीको पर्खाल भत्किई ७० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | उदयपुर | अबिरल बर्षाको कारण चौदण्डीगढि नपा- ५ भेलाचौरी स्थित एक घरमा लाटिखोलामा आएको बाढी पसि चामल, धान भिजी घर समेत भत्किई क्षति । | ० | ० | ० | - |
| | उदयपुर | चौदण्डीगढि नपा- ४ र ७ स्थित द्धार खोलामा अबिरल बर्षाको कारण बाढी आई खसि बजार, मदन चौक र बगर टोल प्रभावित हुन सक्ने भएकोले ईप्रका बेल्टारको टोली खटी रोकथामका लागि स्थानीय नगरपालिकासँग समन्वय भईरहेको । | ० | ० | ० | - |
| | उदयपुर | रौतामाई गापा.- ७ पुवारे डहर स्थित मुर्कुचीबाट रौता जाने सडक निर्माण गर्दा साइड लगाएको माटो बर्षादले बगाई बस्तीमा पस्दा ६ वटा घर, ८ वटा ग्वालीघर, ३ वटा शौचालय र ८ कठ्ठा धान खेत समेत पुरिई १४ लाख ८० | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | हजार रुपैंया बराबरको क्षति, ४ वटा घर जोखिममा । | | | | |
| | उदयपुर | अबिरल बर्षाको कारण कटारी नपा.- ५ तावाखोलामा आएको बाढी किनारमा रहेको सुकुम्बासी बस्तीमा पसी ३६ घर बस्ती डुवानमा । | ० | ० | ० | ई.प्र.का.कटारी र सशस्त्र प्रहरी बल सुरक्षा बेश क्याम्प कटारीको टोली खटि मानिस रचौपायलाई सुरक्षित स्थानमा स्थानान्तरण गरेको । |
| | उदयपुर | बेलका नपा.- ४ मदन भण्डारी राजमार्ग अन्तर्गत अमन खोलाको CAUSEWAY मा वर्षाको कारण बाढी आई सवारी आवत जावत बन्द । | ० | ० | ० | प्रचौ लालबजारको टोली खटि गएको । |
| | उदयपुर | बेलका नपा.- १ भौडी स्थित त्रियुगा खोलाको पानी ऐ. स्थित भौडा टोल बस्तीमा पसि ४ वटा घर र सुनचाँदी सहित सबै सामानहरु बगाई २५ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अप्रपोष्ट आम्बासी, प्रचौ भागलपुर र शुरक्षा बेस बेलटारको टोली खटी गएको । |
| | सुनसरी | बर्जु गापा.- २ भिमपुर स्थित अबिरल वर्षाको कारण केसलिया खोलामा आएको बाढी ओभर फ्लो भई घर भित्र पानी पसि ४० घर परिवार डुबानमा । | ० | ० | ० | प्रभावितहरुलाई ऐ.स्थित बाटोमा सारिएको। |
| | सुनसरी | अबिरल वर्षासँगै टयाङ्ग्रा खोलामा आएको बाढीको कारण ईटहरी उमनपा-८ साथी पेट्रोलपम्प छेउबाट टयाङ्गा खोलाको बाँध फुटी ईटहरी-८ स्थित बस्तीमा पानी पसेकोले ईप्रका ईटहरीको टोली र नगर प्रहरी जेसिबि सहित गई बाँध बाध्ने कार्य भईरहेको । | ० | ० | ० | - |
| | धनुषा | कमला न.पा.- ७ हतमुडा स्थित कमला खोलामा JCB ले बाँध बाध्ने क्रममा खोलामा पानीको बहाव अचानक बढ्दा JCB सहित ३ जना अलपत्र परेको। | ० | ० | ० | ई.प्र.का.खजरी, प्रचौ सिङ्याहीमडान र स.प्र.बल बेस क्याम्प दुबरकोटको टोली खटि सबैको सकुशल उद्धार । |
| | धनुषा | मिथिला न.पा.- ९ बडहरी खोलाको बिचमा च्याउ टिप्न गएका ३ जना महिला र २ जना पुरुष गरी ५ जना मानिसहरु खोलामा पानी बढेपछि उक्त खोलाको बीच धारमा फसेको । | ० | ० | ० | प्र.चौ.लालगढ र अ.प्र.पोष्ठ बडहरीको टोली खटि स्थानीयको सहयोगमा सबैजनालाई सकुसल उद्दार गरिएको । |
| | सर्लाही | लालबन्दी न.पा.- १६ मिलनचोक स्थित कालिन्जोर खोला छेउमा रहेको ऐलानी खेतमा बाढीले करिव १० धुर कटान गरी क्षति । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सर्लाही | ईश्वरपुर न.पा.- ८ रामनगर स्थित फुलजोर खोलामा रहेको नयाँ पक्की पुलको पूर्व तर्फ सडकको दुबै छेउको माटो बगाई सडकमा क्षति । | ० | ० | ० | स्थानीय पालिकासँग समन्वय भई मर्मतको लागि पहल भईरहेको । |
| | सिन्धुली | दुधौली न.पा- १ कुथौंली स्थित मगर्नी खोल्सामा बाढीले कटान गरी नजिकैको एक हार्डवेयर पसल जोखिममा, ना ४ त ८६७६ नम्बरको ट्याक्टर खोल्सामा झरी क्षति । | ० | ० | ० | इ.प्र.का डकाहा र स.प्र.ब को समेतको टोली खटि गएको । |
| | डोल्पा | त्रिपुरासुन्दरी न.पा.- ५ करबगार्ड स्थित खानेपानीको प्लाष्टिक पाइप, सिचाई प्लाष्टिक पाइप र करबगार्ड खोलामा लगाएको तटबन्ध बगाई क्षति । | ० | ० | ० | - |
| | कैलाली | भजनी न.पा.- ५ बेलाह स्थित कान्द्रा नदीको नजिकै ढीकमा रहेका ९ घरधुरी कान्द्रा नदीमा आएको बाढीका कारण जोखिममा । | ० | ० | ० | ४४ जना मानिसहरुलाई महिला भवनमा सारिएको । |
| | कञ्चनपुर | महाकाली नदीबाट भारतको सम्पूर्णनगर हुदै पलिया बग्ने शारदा नदीको पानीको बहाब बढ्न गइ पुनर्वास नपा.- ९ प्याराताल स्थित बस्तीमा पानी पस्न गई ५ घर डुबान । | ० | ० | ० | प्रभावित २५ जनालाइ श्री नवदुर्गा आधारभूत स्कुलमा सार्ने कार्य भइरहेको । |
| **अबिरल वर्षा** | झापा | मेचिनगर नपा- १ र ४ को सिमाना प्रसाद गैडा स्थित मेची खोलामा आएको बाढीले कटान गर्दा हात्ती छेक्न लगाएको ३ वटा पिलर सहित थिङकिङ तार समेत बगाई क्षति । | ० | ० | ० | प्रचौ बाहुनडाँगीको टोली खटी गएको । |
| | झापा | अर्जुनधारा नपा.- ७ गढी स्थित खुदुनाबारी शनिश्चरे भित्री सडक खण्ड अन्तर्गत अविरल बर्षाको कारण विरिङ खोलामा पानीको बहाब बढ्न गई खोलाको पुल चर्किई क्षति । | ० | ० | ० | सवारी साधन आवागमन बन्द गरी बाटोलाई डाईभर्सन गरी बैकल्पिक बाटोबाट आवागमन भईरहेको । |
| | सुनसरी | धरान उमनपा- ५ देवीगाउँ स्थित अबिरल वर्षाका कारण एक घरको भित्ता लगि २ लाख ७० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | अप्रपोष्ट देउरालीको टोली खटि घर परिवारको उद्दार गरी सबै सामान सहित छिमेकीको घरमा सारेको । |
| | सुनसरी | रामधुनी न.पा.- ३ झरना टोल स्थित अबिरल वर्षाका कारण ११ वटा घरभित्र पानी पसि ५४ जना मानिस बिस्थापित। | ० | ० | ० | इप्रका रामधुनीको टोली खटि गई प्रभावितलाई सुरक्षित स्थान तर्फ सार्ने पहल भईरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ईलाम | सुर्योदय न.पा.- ११ स्थित प्रहरी चौकी आईतबारेको भवन अगाडिको फूल रोपीएको खाली जग्गामा अबिरल बर्षाका कारण पहिरो झरी नजिकैको एक शौचालय पूर्णरुपमा क्षति । | ० | ० | ० | थप क्षति हुन नदिनका लागि कुलो बनाई बगुवा पानी तर्काईको । |
| | सप्तरी | सप्तकोशी न.पा.- २ स्थित सुकुम्बासी बस्तीमा त्रियुगा नदीको बाढी पसी १६ घर डुबानमा । | ० | ० | ० | प्र.चौ.फत्तेपुर र शसस्त्र बेश क्याम्प फत्तेपुरको टोली खटि सम्पूर्ण परिवारलाई ऐ स्थितमा रहेको मस्जिदमा राखिएको । |
| | सिरहा | धनगढीमाई न.पा.- १३ ढुङगाना टोल स्थित एक घर अबिरल बर्षाको कारण भत्किई ८० हजार रुपैंया बराबरको क्षति | ० | ० | ० | ई.प्र.का.बिष्णुपुरकट्टीको टोली खटी गएको । |
| | कास्की | पोखरा म.न.पा.- २२ पुम्दिभुम्दी स्थित शुक्रराज माध्यमिक बिद्यालयको प्राङ्गणमा लगाएको पर्खाल बर्षाका कारण भास्सिई क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट पुम्दिकोटको टोली खटी गएको । |
| | मनाङ्ग | नासो गा.पा.- १ ताल स्थित प्यारालाइट होटलको अगाडि पट्टी मर्स्याङदी नदीको किनारामा लगाएको पर्खाल नदीले भत्काई चर्किई क्षति, ताल बजारमा रहेका ६०/६५ घरधुरी समेत जोखिममा | ० | ० | ० | स्थानीय र प्रहरी टोलीले मर्स्याङदी नदी रोकथामको लागि काम गरिरहेको । |
| | दाङ्ग | तुलसीपुर उ.म.न.पा.- १३ जुमलिकोट स्थित एक घर अविरल बर्षाका कारण भत्किई भाँडावर्तन, लत्ताकपडा, खाद्यान्न गरी १ लाख ५० हजार २ सय रुपैंया बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का.फुलबारीको टोली खटि गएको । |
| | दाङ्ग | तुलसीपुर उ.म.न.पा.- १३ फुलबारी भित्ताबाङ स्थित एक घर अविरल बर्षाका कारण चारै तर्फका कुना चर्किई मुल ढोका र झ्याँल भत्किई ७ लाख रुपैंया बराबरको क्षति, प्रभावित १ जना आफ्नै गोठमा बस्दै आएको । | ० | ० | ० | - |
| | अछाम | बान्निगढी जयगढ गा.पा.- ६ दर्नाकोट स्थित एक घरको भित्ता अविरल बर्षाको कारण भत्किई घर पूर्णरुपमा क्षति, २ जनाको परिवार छिमेकीको घरमा बस्दै आएको । | ० | ० | ० | - |
| | अछाम | पञ्चदेवल बिनायक न.पा.- ४ स्थित अबिरल वर्षाका कारण एक घरको भित्ता भत्किई क्षति । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अछाम | पञ्चदेवल विनायक न.पा.- ७ दुम्सा स्थित एक घरको पछाडिबाट पहिरो आई भित्ता भत्किई क्षति, ८ जनाको परिवार आफन्तकोमा बसेको । | ० | ० | ० | - |
| | कञ्चनपुर | बेल्डाडी गा.पा.- ३ खैरिघाट स्थित अबिरल बर्षाका कारण एक घर भत्किई क्षति, सरसमानहरु सुरक्षित स्थानमा सारिएको । | ० | ० | ० | - |
| | कञ्चनपुर | शुक्लाफाटा नपा- ६ अर्जुनी स्थित पुर्व पश्चिम राजमार्ग सडक खण्ड अबिरल वर्षाका कारण भास्सिई सवारी एकतर्फी मात्र चालू रहेको । | ० | ० | ० | - |
| **आगलागी** | खोटाङ्ग | दिक्तेल रुपाकोट मझुवागढी नपा- ५ लफ्याङ स्थित मतानमा गाईलाई खोले पकाउने क्रममा अचानक आगलागी भई मतानमा रहेको भाडाकुडा लगायतका सामानहरु जली क्षति । | ० | ० | ० | - |
| | भक्तपुर | चाँगुनारायण नपा- २ दुवाकोट बस्ने वर्ष ८६ की एक महिला आफ्नै घरमा अगरवत्ती बाल्ने क्रममा एक्कासी आगोको ज्वालाले अनुहारमा पोल्न जाँदा घाईते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि काठमाण्डौ मेडिकल कलेज सिनामंगल लगिएको । |
| | सर्लाही | लालबन्दी न.पा.- १५ देउराली स्थित एक घरमा अचानक विद्युत सर्ट भई आगलागि हुँदा आगो निभाउने क्रममा वर्ष ३२ का एक पुरुष घाईते । | ० | ० | १ | अप्रपोष्ट परवानीपुरको टोली खटि गई आगो पूर्णरुपमा नियन्त्रण । |
| | रौतहट | गरुडा न.पा.- ५ महमपुर स्थित एक घरको बरण्डामा राखेको BR30L9984 नं. को SPLENDER PRO मो.सा.मा आगलागी हुँदा मो.सा. पूर्ण रुपमा जलेर नष्ट । | ० | ० | ० | इ.प्र.का.शिबनगरको टोली खटी गएको । |
| | रौतहट | गुजरा न.पा.- ६ स्थित ना.६७ प ९१८६ नं.को मो.सा. पार्किङ गरि राखेको अवस्थामा अचानक आगलागी भई मो.सा. पूर्णरुपमा जलि नष्ट । | ० | ० | ० | - |
| | दैलेख | गुराँस गा.पा.- २ तल्लो डुङ्गेश्वर स्थित ईट्टा उद्योगको किनारामा भे.२ त. १४७२ नं. को ट्रयाक्टर आगलागी भई ट्रयाक्टरको अगाडिको भाग जलेर पूर्णरुपमा क्षति । | ० | ० | ० | - |
| | कैलाली | टिकापुर नपा.- ६ नारायनपुर स्थित एक फेन्सी पसलमा विद्युत सर्ट भई आगलागी हुँदा पसलको सम्पूर्ण कपडा जली २० लाख रुपैया बराबरको क्षति । | ० | ० | ० | दमकल र प्रहरीको सहयोगमा आगो नियन्त्रण । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **चट्याङ** | उदयपुर | रौतामाई गा.पा.- ७ छिन्ताङटोल बस्ने वर्ष २६ की एक महिला बर्षासँगै घर नजिकै परेको चट्याङको कारण बेहोस। | ० | ० | १ | उनको जिल्ला अस्पताल गाईघाटमा उपचार भईरहेको । |
| | महोत्तरी | बर्दिबास न.पा.- ११ खयरमारा स्थित एक गोठघरमा अचानक चट्याङ परि वर्ष ३०का एक पुरुष घाईते, भैसी-१, पाडो-१, बाख्रा-१ को मृत्यु । | ० | ० | १ | घाईतेको स्थानीय अबिनास मेडिकल खयरमारामा उपचार भईरहेको । |
| | महोत्तरी | बर्दिबास न.पा.-५ टुटेश्वर बस्ने वर्ष ५८ का एक पुरुष आफ्नै घर बाहिर निस्किएकोमा अचानक चट्याङको धक्का परि दुबै पाखुरा, दाहिने खुट्टामा चोट लागि घाईते । | ० | ० | १ | घाईतेको जनसेवा अस्पताल बर्दिबासमा उपचार भईरहेको । |
| | बाँके | राप्ति सोनारी गा.पा.- २ हरियरपुर बस्ने वर्ष ३०, वर्ष ३४ र वर्ष ३७ का गरी ३ जना महिला खेतमा धान रोप्ने क्रममा अचानक परेको चट्याङ लागि घाईते भएकोमा उपचारका क्रममा २ जना महिलाको मृत्यु । | २ | ० | १ | प्रचौ कचनापुरको टोली खटि गई उपचारको लागी भे १ ज २४० नं. को एम्बुलेन्सद्धारा मेडिकल कलेज कोहलपुर पठाईएको । |
| **जनावर आक्रमण** | झापा | भद्रपुर नपा.- १ रिमझिम टोल स्थित एक जंगली हात्ती आई एक घरको पर्खाल भत्काई भान्सा घरमा रहेको चामल, कोदो खाई ६५ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | इप्रका पृथ्बीनगरको टोली खटिई गएको । |
| | सिरहा | सिरहा न.पा.- २१ मलिया टोल बस्ने वर्ष ३५ की एक महिलालाई जोत्न लगेको गोरुले आक्रमण गर्दा घाईते । | ० | ० | १ | घाईतेको प्रादेशिक अस्पताल सिरहामा उपचार भईरहेको । |
| **जम्मा संख्या** | | ९७ | ४ | ० | १६ | |

❖ *नोटः असार २५ गते बिहान १०:०० बजे देखि असार २६ गते बिहान १०:०० बजेसम्म*

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal र www.facebook.com/ndrrma/videos र www.youtube.com/NDRRMA **मा जानुहोस्।**

## दैनिक वर्षा (Daily Precipitation) को सारांश:

असार २५ गते बिहान ०८:४५ बजे देखि असार २६ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८१/०३/२६ गते बिहान ०८:४५ बजे २०५ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालित: ७५ र स्वचालित: १३०) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १५९ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा कास्की जिल्लाको मालेपाटन केन्द्रमा (१८२.० मि.मि.) भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये २८ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी र ७ वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी वर्षा भएको छ।




नक्सा १: असार २५ गते बिहान ०८:४५ बजे देखि असार २६ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांश:




नक्सा २: असार २५ गते बिहान ०८:४५ बजे देखि असार २६ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: असार २४ गते साँझ ०५:४५ बजे देखि असार २५ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: क्रमशः ५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण ।

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| प्युठान, रुपन्देही, खोटाङ, कपिलबस्तु, उदयपुर, सिन्धुपलाञ्चोक, नुवाकोट, बागलुङ, काठमाडौ, स्याङ्जा, पर्वत, सिराहा, सप्तरी, कञ्चनपुर, | धनुषा, कास्की, महोत्तरी, तनहुँ, सोलुखुम्बु | - |

तालिका २: २०८१/०३/२६ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०३/२५ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण ।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ४ | ० |
| १५ देखि २० | १७ | १ |
| २० देखि २५ | ३५ | १३ |
| २५ देखि ३० | २४ | २१ |
| ३० देखि ३५ | ० | ३५ |
| ३५ देखि ४० | ० | १२ |
| जम्मा केन्द्र संख्या (वटा) | ८० | ८२ |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | २८.० डि.से./नेपालगञ्ज विमानस्थल, बाकेँ | ३६.७ डि.से./टिकापुर, कैलाली |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | १२.० डि.से./रारा, मुगु | १६.१ डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु |

नोटः डि.से. = डिग्री सेल्सियस